# आफ्नो उपजको आफैं बजारीकरण

“पुलको अभावमा राजमार्गबाट नजिक भएर पनि बिगतमा लामो समयसम्म हामीहरु निकै कष्टपूर्ण जीवन बिताउन बाध्य थियौं । पुल नहुँदा स्कुले बालबच्चाहरुलाई समयमै स्कुल जान आउन, बिरामीलाई समयमै अस्पताल पुर्याउन निकै कठीन पर्ने गर्थ्यो । बर्षा याममा हुने बाढी र डुबानले बर्षेनी ठुलो मात्रामा धन्जनको क्षति हुने गर्थ्यो । पुल नहुँदा हामीहरु जंगलको बाटो भएर हिड्डुल गर्दा जंगली जनावरको आक्रमणमा परी कतिपयको ज्यान समेत जाने गर्थ्यो । तर अब पुल समयमै सम्पन्न भएसँगै यस क्षेत्रमा जन्धनको सुरक्षा सँगै बिकासको आशा जगाएको छ” स्थानीय समाजसेवी रबिन केसी भन्नुहुन्छ ।




बाँकेको राप्तीसोनारी २ टिकुलीपुरमा पर्ने गौरी खोलामा समय अगाबै पुल निर्माण कार्य सम्पन्न भएसँगै स्थानियबासीको बर्षौं पुरानो सपना साकार भएको छ ।

सडक पूर्वाधार बिकास कार्यालय बाँकेका सि.डि.ई. ललित बहादुर न्यौपानेका अनुसार उक्त पुल निर्माणका लागि नारायणम् निर्माण सेवा नेपालगंज बाँकेले २२ मंसिर २०८० सम्म निर्माण सम्पन्न गर्ने गरी रु. ५ करोड ७ लाख रुपैयाँमा सडक पूर्वाधार बिकास कार्यालय बाँकेसँग २३ जेष्ठ २०७९ मा ठेक्का सम्झौता गरेको थियो तर त्यसको ३ महिना अगाबै निर्माण कार्य पुरा भएको छ । उहाँका अनुसार पुल २५ मिटर लम्बाई र ८.४ मिटर चौडाईको रहेको छ ।

सेवाग्राहीहरुलाई सजिलै वडा तथा जिल्ला कार्यालयसम्म जान, ग्रामीण बस्तीलाई प्रमुख सडक संजालमा जोड्न पुलको अभाव भईरहेको बेला सडक पूर्वाधार बिकास कार्यालय बाँके मार्फत लुम्बिनी प्रदेश सरकारको ५ करोड ७ लाख रुपैयाँ लागतमा

समय अगाबै पुल निर्माण सम्पन्न भएको राप्तीसोनारी गाउँपालिका वडा नं २ का वडाध्यक्ष ज्ञानेन्द्र राज वलीले बताउनुभयो ।

बिगतमा यातायातको सहज पहुँच नहुँदा स्थानीय कृषिजन्य उपजहरु बिचौलिया मार्फत सस्तोमा बेच्नुपर्ने, बजार नपाउँदा कहिलेकाहीँ कुहिएर फाल्नुपर्ने बाध्यता थियो । तर अब उप्रान्त “साना तथा मझौला कृषकहरुले उत्पादन गरेको मुख्य नगदेबालीहरु धान, गहुँ, मकै, मसुरो, मास, आलु, टमाटर तथा दुध, दही आदि सजिलै बजारसम्म पुर्‍याउन सकिने साथै आफै बजारीकरण गरी पहिलेजस्तो बास्तविक किसानले मुल्य नपाउने तर उपभोक्ताहरुले चर्को मुल्य तिर्नुपर्ने बाध्यताको अन्त्य हुने भएको छ । ग्रामीण अर्थतन्त्र स्वाबलम्बी र आत्मनिर्भर बन्ने आधारशिला तयार भएको छ” समाजसेवी केसीले बताउनुभयो । नेताहरुलाई चुनावको बेला जनतालाई झूठा आश्वासन बाँडी भोट माग्ने साधनको रुपमा प्रयोग हुँदै आएको गौरी खोलाको समस्या स्थाई रुपमा समाधान भई जनताको जीत भएको समेत केसीले बताउनुभयो ।

वडाध्यक्ष ओली भन्नुहुन्छ, “समयमै पुल बनेसँगै वडाका हरिहरपुर, अम्रुवा, मटेहिया, महेन्द्रपुर, मदुई, मदुवा, कचनापुर, नयाँबस्ती, बेलबास, खल्लागाउँ, शम्सेरगंज गाउँका बासिन्दा लाभान्बित हुने साथै कचनापुर देखी कम्दी हुँदै नेपालगंज जोड्ने बैकल्पिक मार्गको थप एक चरण पुरा भएको छ । साथै भविष्यमा मुगुवा खोला, परुवा खोला तथा झिँजरी खोलामा पुल बने पश्चात बैकल्पिक मार्ग पुरा हुने भन्दै टिकुलीपुरबासीको बर्षौं पुरानो अब्यबस्थित तथा सुकुम्बासी समस्या हल गर्न राज्यलाई थप दबाब हुनेछौं। बिगतमा पुल नहुँदा चुनाव प्रचार प्रसारमा निकै कठिनाई हुन्थ्यो । अबका दिनमा त्यो कुराको पनि सहज हुने भयो, वडाध्यक्ष वलीले अन्त्यमा हाँस्दै भन्नुभयो ।

